# आइ.सि.एफ.सि फाइनान्स लिमिटेडको
# मिति २०७३ कार्तिक १ गते सोमबारका दिन सम्पन्न भएको
# तेह्रौं वार्षिक साधारणसभाको निर्णय माइन्युटको विवरण

भाटभटेनी, काठमाण्डौ

**आइ.सि.एफ.सि फाइनान्स लिमिटेडको**
**तेह्रौं वार्षिक साधारणसभाको**
**निर्णयको विवरण**

आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको तेह्रौं वार्षिक साधारणसभा कम्पनीको सञ्चालक समितिका वरिष्ठ सञ्चालक श्री नन्दकिशोर शर्माज्यूको सभापतित्वमा देहाय बमोजिम गरी सम्पन्न भयो ।

१) **सभा भएको मिति, समय र स्थान**

मिति : २०७३ कार्तिक १ गते सोमबार (तद्‍नुसार अक्टोबर १७, २०१६)
समय : बिहान ११:०० बजे ।
स्थान : रिजेन्सी ब्यांक्वेट, सानो गौचरण, ज्ञानेश्वर, काठमाण्डौ ।

२) **सभाको सूचना प्रकाशन**

(क) यस कम्पनीको मिति २०७३/०६/०७ गते शुक्रबारका दिन बसेको सञ्चालक समितिको १९४औं बैठकले निर्णय गरे बमोजिम कम्पनीको तेह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०७३ असोज ८ गते र २०७३ असोज ११ गते क्रमशः राजधानी राष्ट्रिय दैनिक र आर्थिक अभियान राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम वार्षिक प्रतिवेदन, कम्पनीको वित्तीय विवरणहरु, सम्बन्धित शेयरधनीहरुको ठेगानामा तह्रौं वार्षिक साधारणसभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाईएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारणसभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ अनुसार तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा एक्काईस दिन अगावै तयार गरी कम्पनीको रजिष्टर्ड कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(घ) साधारणसभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड र नेपाल स्टक एक्स्चेन्ज लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

(ङ) साधारणसभामा आमन्त्रित भई दिनका लागि बाह्य लेखापरीक्षक श्री सुरेश श्रेष्ठ एण्ड एशोसिएट्स र कानूनी सल्लाहाकार अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतमलाई अनुरोध गरिएको ।

३) **सभामा प्रस्तुत छलफलका विषयहरु**

**क. सामान्य प्रस्तावहरु**

१. आर्थिक वर्ष २०७२/७३ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण तथा अनुसूचिहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

३. संचालक समितिबाट सिफारीस गरे बमोजिम रु.६१,३१,५०१/- नगद लाभांश (वोनश शेयरको कर प्रयोजनका लागि हिसाब मिलान हुने) वितरण गर्न स्वीकृत गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७३/७४ को लागि लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६०(२) को प्रतिबन्धात्मक वाक्यांश अनुसार वर्तमान लेखापरीक्षक श्री सुरेश श्रेष्ठ एण्ड एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्स पुनः नियुक्त हुन सक्नु हुने छैन ।)

५. संस्थापक समूहबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्ताव**

१. संचालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूँजीको १७ प्रतिशत बराबरको बोनश शेयर स्वीकृत गर्ने र बोनश शेयर जारी गर्दा वित्तीय संस्थाको प्रस्तावित जारी तथा चुक्ता पूँजीको भिन्न अंकलाई रु.१००/- ले विभाजन हुने पूर्ण अंकमा समायोजन गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सोही अनुसार प्रबन्धपत्रको संशोधनलाई स्विकृती प्रदान गर्ने ।

२. वित्तीय संस्थाको जारी पूाजी तथा चुक्ता पूाजी वृद्धि, लगायतका विषयहरुमा प्रबन्धपत्र तथा नियमावलीमा हुने संशोधन सम्बन्धी प्रस्ताव उपर छलफल गरी पारित गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने ।

**ग. विविध**

४) **सभामा उपस्थिति**

(क) **संचालकहरुको उपस्थिति**

| | |
|---|---|
| श्री नन्दकिशोर शर्मा | सञ्चालक |
| श्री विपीनकुमार रेग्मी | सञ्चालक |
| श्री अच्युतराज आचार्य | सञ्चालक |
| श्री केशवप्रसाद अधिकारी | सञ्चालक |
| श्री राजेन्द्रगोपाल श्रेष्ठ | सञ्चालक |

(ख) **पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी**

१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, श्री चन्दप्रकाश देवकोटा
२. अधिवक्ता श्री नरेन्द्रप्रसाद गौतम, (कानूनी सल्लाहकार)
३. श्री रामबाबु पन्त, प्रमुख कार्यकारी अधिकृत
४. श्री सुनिल पन्त, कम्पनी सचिव तथा नायव प्रमुख कार्यकारी अधिकृत
५. श्री अमित श्रेष्ठ, वरिष्ठ प्रबन्धक
६. श्री लक्ष्मणप्रसाद अधिकारी, प्रबन्धक
७. श्री सागरनिधि तिवारी, प्रमुख प्रसाशन
८. श्री संजय थपलिया, शाखा प्रबन्धक
९. श्री सन्तोष राज ज्ञवाली, शाखा प्रबन्धक
१०. श्री पुजा जोशी, सहायक प्रबन्धक
११. श्री रोनेश चित्रकार, सहायक प्रबन्धक

(ग) **शेयरधनीको उपस्थित**

| | |
|---|---|
| (क) शेयरधनी स्वयं | २१२ |
| (ख) प्रोक्सीबाट | ६७ |
| **जम्मा उपस्थित** | **२७९** |

५) **सभाको गणपुरक संख्या**

| शेयर तथा शेयरधनी | जम्मा शेयर, शेयरधनी संख्या | स्वयं उपस्थित | प्रतिनिधि मार्फत उपस्थित | जम्मा उपस्थित | शेयरको प्रतिनिधित्व (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| शेयर | ६८,५२,८५३ | १३,८१,४०२ | २२,३६,४०५ | ३६,१७,८०७ | ५२.७९ |
| शेयरधनी | ५,३६१ | २०४ | ७५ | २७९ | ५.२ |

६) **सभाको वैधानिकता**

सभा संचालन गर्नका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावली बमोजिम कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरवालाहरु मध्ये तीन जना शेयरवालाहरु स्वयं वा आफ्नो प्रतिनिधिद्वारा उपस्थिति हुनुपर्ने प्रावधान अनुसार कम्पनीको तेह्रौं वार्षिक साधारण सभामा कूल शेयर संख्या मध्ये ५२.७९ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने २०४ जना शेयरधनीहरु स्वयं सभामा उपस्थित भएको र ७५ जना प्रतिनिधि मार्फत उपस्थित भई कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम सभा संचालन गर्नका लागि गणपुरक संख्या पुगी सभा वैधानिक रहेको कुरा कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

७) **<u>सभाको सभापतित्व</u>**

वार्षिक साधारण सभाको सभापतित्व कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) बमोजिम संचालक समितिका वरिष्ठ सञ्चालक श्री नन्दकिशोर शर्माज्यूले सभापतिको आसन ग्रहण गर्नु भयो । साथै संचालक समितिका अन्य सदस्यज्यूहरु, कम्पनीका पदाधिकारी, आमन्त्रित प्रतिनिधि, पर्यवेक्षक समेतलाई सभास्थलको मञ्चमा आई बस्न कम्पनी सचिवले अनुरोध गरे बमोजिम उहाँहरु समेतले आसन ग्रहण गर्नुभयो ।

८) **<u>सञ्चालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुती</u>**

सभापति महोदयले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै तेह्रौं वार्षिक साधारण सभाको कार्यक्रम अघि बढाउनु भयो । यसरी सभाको कार्यक्रम अघि बढाउने क्रममा सभापति महोदयले सञ्चालक समितिको तर्फबाट तेह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण समेतको विवरण संक्षिप्त रुपमा सभामा प्रस्तुत गर्नुभयो तथा शेयरधनी महानुभावहरुलाई प्रतिवेदनमा छलफल गरि पारित गरिदिन अनुरोध गर्नुभयो ।

९) **<u>तेह्रौं वार्षिक प्रतिवेदन तथा नाफा नोक्सान हिसाबको प्रस्तुती</u>**

सभाका सभापतिज्यूले संचालक समितिको तर्फबाट कम्पनीको तेह्रौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७२/७३ को वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र अनुसुचीहरु तथा सभामा प्रेषित अन्य प्रस्तावहरु सभामा छलफलका लागि प्रस्तुत गर्नुभयो ।

१०) **<u>छलफलको लागि आह्वान</u>**

साधारण सभामा शेयरधनीहरुले निर्धारीत विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप सभापतिज्यूले सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७२/७३ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, अनूसूचीहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलको लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई सहभागी हुन अनुरोध गर्नुभयो ।

११) **<u>छलफलमा सहभागी हुने शेयरधनीहरु र नीजहरुले व्यक्त गरेका धारणाको संक्षिप्त विवरणः</u>**

१. **श्री उद्धव प्रसाद घिमिरेः** उपस्थित सबैलाई सम्बोधन गर्दै आइ.सि.एफ.सि. फाइनान्सले नियमित रुपले लाभाँश नीति अख्तियार गरे अनुसार यस पटक पनि १७ प्रतिशत बोनश शेयर दिएकोमा धन्यवाद । नियमन निकायले दिऐको समय सिमा भन्दा अगावै चुक्ता पूँजी पुऱ्याउन सफल भएको र फाइनान्स कम्नीहरुमा पहिलो भएकोमा बधाई दिनु भयो । कम्पनीको Financial indicators पारदर्शी रहेका छन् साथै EPS र शेयरको Market Value राम्रो रहेको बताउनु भयो । समग्रमा वासलात राम्रो रहेका र Liquidity Position अत्यन्तै राम्रो रहेको छ । आगामि बर्षहरुमा लाभांस २० प्रतिशत भन्दा तल नझार्न सुझाव दिनु भयो ।

२. **श्री अमृत नाथ रेग्मी :** उपस्थित सबैलाई सम्बोधन गर्दै साधारणसभा समयमै गर्न सफल भएकोमा सञ्चालक समिति र व्यवस्थापनलाई धन्यबाद दिनु भयो । वासलातलाई Contribute गर्ने Factor भनेको Non Funded Income र Total Interest Income हो । Non Fund Base Income अन्य प्रतिस्पर्धीहरु भन्दा कम देखिन्छ । कर्मचारी कटौति वा Staff Expense लाई कम गर्नु वा Staff को Productivity बढाउनु भयो भने मात्र शेयरधनीलाई राम्रो Return दिन सकिन्छ भन्ने सुझाव व्यक्त गर्नु भयो । NII (Net Interest Income) तर्फ बढी अम्दानी गर्न आवश्यक कदम चाल्ने नीति लिन र त्यस तर्फपनि सञ्चालक समितिको ध्यान जान सुझाव गर्नु भयो । वार्षिक प्रतिवेदन तयार गर्दा अन्यको पनि हेर्न सुझाव गर्दै साधारणसभामा बोल्ने अवसर दिनु भएकोमा धन्यवाद दिनु भयो ।

३. **श्री रोज कुमार श्रेष्ठ :** नेपाल राष्ट्र बैंकवाट बैंक तथा वित्तीय संस्थाहरुलाई पूँजी वृद्धि गर्न दिएको समयसिमा भन्दा अगावै अगावै चुक्ता पूँजी पु¥याउन सफल भएको र फाइनान्स कम्पनीहरुमा पहिलो चुक्ता पूँजी पु¥याउने कम्पनी भएकोमा बधाई दिनु भयो । कम्पनीले विगतको वर्षहरुमा भन्दा धेरै लाभांश दिन सफल भएको र वासलातको आकार समेत सन्तोषजनक रुपमा बढाउन सफल भएको देखिन्छ तर Borrowing को आकार ठूलो देखिन्छ । अन्य परिसूचकहरु सन्तोषजनक रहेको भन्दै दिपावली, नेपाल सम्बत् र छठको शुभकामना दिंदै आफ्नो मन्तव्य अन्त गर्नुभयो ।

४. **श्री अमिरदास रञ्जित :** १७ प्रतिशत बोनश शेयर सहित चुक्ता पूँजी असी करोड पु¥याउन सफल भएकोमा बधाई दिनुभयो । कम्पनीको सबै तथ्याङ्कहरु जस्तै Portfolio Management, Income आदि राम्रो रहेको, २०७३ असोज मसान्तसम्मको प्रगति पनि सन्तोषजनक रहेको देखियो । सम्पत्तिको बजार मूल्यमा नघट्न, निष्क्रिय कर्जा घटाउन, गैह्र बैकिंग सम्पत्तिलाई बिक्री गरी Swap Ratio बढाउन सुझाव गर्नु भयो । आगामि वर्षमा २० प्रतिशतमा नघट्ने गरी लाभांश दिन सुझाव गर्नुभयो ।

५) **श्री दामोदरप्रशाद रेग्मि :** कम्पनीको Performance हेर्दा Paid up Capital, Reserve and Surplus, Investment, Loan Portfolio आदि सबै क्षेत्रमा राम्रो रहेको छ । अधिकांश Financial Indicators सुधार भएको छ, NPA को Level घटेको छ । विभिन्न पूर्व वक्ताहरुको Borrowing को बारेमा राखेको राय र सुझावलाई सम्मान गर्दै उहाँले Borrowing को Cost कम हुने र यसलाई सहि प्रयोग गरे व्याज आम्दानीमा महत्वपूर्ण योगदान दिने विचार व्यक्त गर्नुभयो । दोस्रो बजारमा गरेको लागानीको खरिद बिक्रि सहि समयमा गर्न सुझाव दिनु भयो, साथै नेपाल राष्ट्र बैंकले दिएको निर्देशनहरुको पूर्णरुपमा पालना गर्न सुझाव दिनुभयो । वास्तवमा कम्पनीले प्रस्ताव गरेको १७ प्रतिशतको लाभांश २५ प्रतिशत हो किन भने यस कम्पनीले २:१ को अनुपातमा हकप्रह शेयर जारि गरेको र सो रकम करिब तीन महिना मात्र चलाउन पाएको विचार व्यक्त गर्नुभयो । कम्पनीको लाभांश हेर्दा हरेक वर्ष तल माथि भैरहेको देखिन्छ यसलाई सन्तुलित बनाउन सुझाव दिनु भयो ।

६) **श्री महेन्द्रबाहादुर श्रेष्ठ :** १७ प्रतिशत बोनश शेयरको लागि धन्यवाद भन्दै चुक्ता पूँजी समयमै पु¥याउन सफल भएकोमा धन्यवाद दिनु भयो । दोस्रो बजारमा गरेको लागानीको खरिद बिक्रि सहि समयमा गर्न सुझाव दिनु भयो । समग्ररुपमा हेर्दा कम्पनीको वासलात सन्तुलित देखिन्छ साथै चुक्ता पूँजीको आकार ठूलो भएकोले राम्रो प्रतिफल दिन Business Expansion गर्न सुझाव दिनु भयो । कम्पनीको साधारणसभा सकेसम्म दशैं अगाढि गर्न सुझाव दिनु भयो ।

७) **श्री राम गोपाल महर्जन :** कम्पनीको नाफाको वृद्धि राम्रो छ अझ राम्रो गर्न व्यवस्थापन र सञ्चालक समितिलाई सुझाव दिनु भयो । गेह्र कोषमा आधारित कारोवारमा ध्यान दिन सुझाव गर्नु भयो । कुशल कर्मचारीहरु कम्पनीको सम्पत्ती भएकोले कर्मचारी तालिममा अझ वढि ध्यान दिन सुझाव दिनु भयो । अन्त्यमा १७ प्रतिशत बोनश शेयरको लागि पनि धन्यवाद दिनु भयो ।

८) **श्री कृष्ण कश्यप :** कम्पनीको वार्षिक प्रतिवेदनमा आजको मिति राख्न सुझाव दिनु भयो । शेयर लगानीको खरिद मूल्य समेत प्रतिवेदनमा राख्न सुझाव दिनु भयो । अन्त्यमा १७ प्रतिशत बोनश शेयरको लागि पनि धन्यवाद दिनु भयो साथै आगामि वर्ष अझ बढि लाभांश दिन सुझाव दिनु भयो ।

९) **श्री लवराज जोशि :** उपस्थित सबैलाई सम्बोधन गर्दै कम्पनीको कार्यसम्पादन सन्तोषजनक छ, प्रतिफल सन्तोषप्रद नै मान्नु पर्दछ, गैह्र बैंकिङ्ग सम्पत्ती कम गर्न पर्दछ । NPA केहि कम भएको देखिन्छ, कम्पनीले आफ्नो चुक्ता पूँजी समयमै पुऱ्याउन सफल भएकोमा धन्यवाद दिनु भयो । वासलातको वृद्धि राम्रै छ र लाभांस नीतिलाई सन्तुलीत बनाउन सुझाव दिनु भयो ।

१०) **श्री जयन्द्रमानसिंह बानिया** : EPS / PE Ration Positive छ, Capital Adequacy सन्तोसजनक रहेको छ, NPA सुधार गरेको छ । Non Operating Income ले करिब करिब Operating Overhead धानेको देखिन्छ । अन्त्यमा कम्पनिको Fund Management Efficent हुनुपर्छ भन्ने धारणा व्यक्त गर्नुभयो ।

११) **श्री नरसिंहलाल चखूँ** : वासलात राम्रो छ, लगानिकर्ताको हित हुने गरि प्रतिफलमा ध्यान दिएको देखिन्छ, Write Back मा प्रगति भएको र LLP मा विगको भन्दा राम्रो छ । NBA Risk को Solution निकाल्नु पर्छ । EPS मा प्रगति भएको देखिन्छ । Risk Management मा अझ प्रखर हुनुपर्छ । HR Motivation मा ध्यान दिनुपर्छ । अन्त्यमा दिपावली, छठ र नेपाल सम्वत्को शुभकामना दिनु भयो ।

१२. **<u>सभापतिज्यूको प्रतिउत्तर:</u>**

माथि उल्लेखित शेयरधनीहरुले उठाएका सुझाव, जिज्ञासा मन्तव्यमा सभापतिज्युको आज्ञाले संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री रामबाबु पन्तले वार्षिक साधारण सभालाई सार्थक तथा जिवन्त बनाउन शेयरधनी महानुभावज्यूहरुले दिनु भएको सुझावहरुको सरहना गर्दै उहाँहरुलाई आफ्नो बहुमुल्य समय निकाली साधारणसभामा सक्रिय भाग लिइदिनु भएकोमा धन्यवाद दिनु भयो तथा शेयरधनीहरुको जिज्ञासा र सुझावहरुमा विस्तृत रुपमा विवेचना गरी शेयरधनीहरुको रचनात्मक सुझावहरु क्रमशः लागू गर्ने जानकारी गराउनु भयो ।

१३) **सभाका निर्णयहरु**

क. **साधारण प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु**

१. **आर्थिक वर्ष २०७२/०७३ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारीत गर्ने :** सभाको निर्धारित विषयसूची नं.१ बमोजिम तेह्रौं वार्षिक साधारणसभामा संचालक समितिको तर्फवाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको वार्षिक प्रतिवेदन उपर विस्तृत छलफल पश्चात् पारित गरी दिन सभापति महोदयले पेश गर्नुभएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान हिसाब तथा नगद**

**प्रवाह विवरण स्वीकृत गर्ने :** सभाको निर्धारित विषयसूची नं. २ बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७२/७३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धी अनुसूचीहरु उपर छलफल गरीयो र तत्पश्चात सभापतिज्युले पेश गर्नुभएको प्रस्तावलाई सर्वसम्मतिबाट पारित गरियो ।

३. **संचालक समितिबाट सिफारीस गरे बमोजिम रु.६१,३१,५०१/- नगद लाभांश (वोनश शेयरको कर प्रयोजनका लागि हिसाब मिलान हुने) वितरण गर्न स्वीकृत गर्ने ।** सभाको निर्धारित विषयसूची नं. ३ मा छलफल हुँदा सञ्चालक समितिले सिफारिस गरे बमोजिम २०७३ आषाढ मसान्तको नाफाबाट रु.६१,३१,५०१/- नगद लाभांश (वोनश शेयरको कर प्रयोजनका लागि हिसाब मिलान हुने) शेयरधनीहरुमा वितरण गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो ।

४. **लेखापरीक्षकको नियुक्ती र नीजको पारिश्रमीक तोक्ने:** सभाको निर्धारित विषयसूची नं.४ बमोजिम आर्थिक वर्ष २०७२/७३ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव निर्णयार्थ प्रस्तुत गर्ने क्रममा सभापतिज्यूले कम्पनीको लेखापरीक्षण समितिले लेखापरीक्षक **श्री नेमलाल अमात्य एण्ड कम्पनी**लाई लेखापरीक्षण शुल्क वापत रु.२,००,०००/- (अक्षरेपी दुइ लाख मात्र) (भ्याट बाहेक) प्रदान गर्ने गरी नियुक्त गर्न सिफारीस गरेको व्यहोरा सभालाई अवगत गराउनु भयो र तत्पश्चात् छलफल हुँदा लेखापरीक्षण समितिको सिफारीस अनुसार **श्री नेमलाल अमात्य एण्ड कम्पनी**लाई लेखापरीक्षण शुल्क वापत रु.२,००,०००/- (अक्षरेपी दुइ लाख मात्र) (भ्याट बाहेक) प्रदान गर्ने गरी आ.व. २०७३/७४ को लेखापरीक्षकमा नियुक्त गर्ने सर्वसम्मतिबाट पारित गरियो ।

५. **संस्थापक समूहबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन गर्ने:** यस फाइनान्सको संचालक समितिमा संस्थापक तर्फबाट चार सदस्यका लागि भएको निर्वाचनमा उम्मेदवारी दर्ता गर्नुभएको चार जना श्री श्यामसिंह पाण्डे, श्री सुरेशकुमार अग्रवाल, श्री नन्दकिशोर शर्मा र श्री शुशिलकुमार अर्याल निर्विरोध निर्वाचित हुनु भएको नतिजा निर्वाचन अधिकृतबाट वार्षिक साधारण सभामा घोषण गर्नु भयो ।

ख. **विशेष प्रस्तावको सम्बन्धमा सभाबाट भएका निर्णयहरु**

१. **संचालक समितिले सिफारिस गरे बमोजिम १७ प्रतिशत बोनश शेयर स्वीकृत गर्ने र बोनश शेयर जारी गर्दा वित्तीय संस्थाको प्रस्तावित जारी तथा चुक्ता पूँजीको भिन्न अंकलाई रु.१००/- ले विभाजन हुने पूर्ण अंकमा समायोजन गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सोही अनुसार प्रबन्धपत्रको संशोधनलाई स्विकृती प्रदान गर्ने:** सभाको निर्धारित विशेष प्रस्तावको विषयसूची नं. (ख) १ मा छलफल हुँदा सञ्चालक समितिले सिफारिस गरे बमोजिम २०७३ आषाढ मसान्तको नाफाबाट १७ प्रतिशत बोनश शेयरमा जारी गर्दा भिन्न अंकलाई रु.१००/- ले विभाजन हुने पूर्ण अंकमा समायोजन गरी तद्नुकुल जारी तथा चुक्ता पूँजी समायोजन गर्न सर्वसम्मतिबाट स्विकृती प्रदान गरियो ।

२. **वित्तीय संस्थाको अधिकृत पूंजी, जारी पूंजी तथा चुक्ता पाूजी वृद्धि, लगायतका विषयहरुमा प्रबन्धपत्र तथा नियमावलीमा हुने संशोधन सम्बन्धी प्रस्ताव उपर छलफल गरी पारित गर्ने तथा उक्त संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरुप आवश्यक समायोजन गर्न संचालक समितिलाई अधिकार प्रदान गर्ने :** सभाको निर्धारित विशेष प्रस्तावको विषयसूची नं. (ख) २ मा छलफल हुँदा वित्तीय संस्थाको अधिकृत पूँजी, जारी पूँजी, चुक्ता पूँजी लगायत प्रबन्धपत्र तथा

नियमावलीमा हुने प्रस्तावित संशोधनलाई सभाबाट सर्वसम्मतीले पारीत गरीयो । साथै सभाबाट पारीत प्रबन्धपत्र नियमावलीको संशोधनमा नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा निर्देशन अनुरुप आवश्यक समायोजन गरी कार्यान्वयन गर्न गराउँन संचालक समितिलाई अधिकार प्रदान गर्ने समेत निर्णय गरीयो ।

## ग. विविध

**१४) धन्यवाद ज्ञापन तथा सभाको विसर्जन**

अन्त्यमा सभापतिज्यूले सभामा छलफल गर्नुपर्ने अन्य प्रस्ताव नभएकोले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुबाट प्राप्त अमूल्य सुझाव तथा सल्लाहको लागि हार्दिक धन्यवाद दिनु भयो । त्यसै गरी कम्पनीको तेह्रौं वार्षिक साधारणसभा सम्पन्न गर्न सहयोग पुऱ्याउने सम्पूर्ण कर्मचारी वर्ग लगायत व्यवस्थापन टोली, नेपाल राष्ट्र बैंक, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, नेपाल धितोपत्र बोर्ड, सिडिएस एण्ड क्लियरिङ्ग लि., कम्पनी रजिष्ट्रारको कार्यालय तथा रिजेन्सी ब्यांक्वेट सानोगौचरण, लेखापरीक्षक, कानूनी सल्लाहकार लगायत सम्पूर्ण संचालकहरुले पुऱ्याउनु भएको सहयोगको लागि आभार व्यक्त गर्नुभयो ।

तत्पश्चात् सभापतिज्यूले अपरान्ह २:४५ बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| द. | द. |
| ................................ | .............................. |
| (सुनिल पन्त) | (नन्दकिशोर शर्मा) |
| कम्पनी सचिव | सभापति |